आज मिति २०८१ साल ~~मंसिर~~ पौष ११ गते यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बसी तपसिल वमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | |
| ४ | कलक बहादुर खडका | वडा अध्यक्ष वडा नं-०२ | |
| ५ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३. | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं-०४ | |
| ७ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | |
| ९ | शिवराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| १० | लोकेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष वडा नं-०८ | |
| ११ | गोपाल बहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | |
| १४ | उत्तरा कुइकेल खडका | कार्यपालिका सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | कार्यपालिका सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | कार्यपालिका सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | कार्यपालिका सदस्य | |
| १८ | कमला कुमारी कामी | कार्यपालिका सदस्य | |
| १९ | धर्मराज रसाइली | कार्यपालिका सदस्य | |
| २० | लाल वहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | लोकेन्द्र वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २२ | सिद्धराज पण्डित | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २३. | लाल ब० थापा | इन्जिनियर | |
| २४. | कृष्ण प्रसाद जोशी | प्र. सहायक पाँचौं | |
| २५. | नेत्र ब० सिंह | कं. अ. | |
| २६. | प्रकाशचन्द्र उपाध्याय | प्र. सहायक चौथौं | |
| २७. | धन बहादुर महर | का. स. | |

Scanned with CamScanner

मिति २०८१-०९-११ गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं १**

जयपृथ्वी नगरपालिका नगरसभाको १५ औं अधिवेशन मिति २०८१ पौष २५ गते आह्वान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं २**

यस जयपृथ्वी नगरपालिकाको लैंगिक समनाता तथा सामाजिक समावेशिकरण कार्यान्वयन समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१ संयोजक- चेतराज बजाल (नगर प्रमुख)

२ सदस्य - रतन बहादुर सिंह (नगर उपप्रमुख)

३. सदस्य - सिद्धराज पण्डित (प्रमुख प्रशासकीय अधिकृत)

४ सदस्य - सामाजिक विकास समिति संयोजक

५. सदस्य- लाल बहादुर सुनार

६. सदस्य- कमला कामी

७. सदस्य- धनलक्ष्मी उपाध्याय

८. सदस्य- गैरसरकारी संस्था/ सामुदायिक संङ्घ संस्थाहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तिन जना

९. सदस्य-सचिव- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण हेर्ने शाखा प्रमुख

**निर्णय नं ३**

जयपृथ्वी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्रारम्भिक तह देखि कक्षा ३ सम्म अध्ययनरत वालवालिकाहरुको अपाङ्गता पहिचान गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

नगरपालिकाको आन्तरिक आय अन्तर्गत ढुंगा, गिट्टी, बालुवा संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षणबाट उत्खनन गर्न मिल्ने ९ वटा स्थानहरुको लागि ठेक्का आह्वान गर्दा ठेक्का नपरेका तपसिल बमोजिमका ६ वटा स्थानहरुबाट प्रचलित प्रदेश कानूनले तोकिदिएको दरमा नरपालिकाबाट सोझै राजश्व संकलन गर्न सकिने नसकिने सम्बन्धमा अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५**

नगरपालिका अन्तर्गतका विभिन्न वडाहरु जोड्ने तपसिलमा उल्लेखित सडक बाटो बर्षातको समयमा आएको बाढी पहिरोबाट अवरुद्ध भई सडक सुचारु गर्न प्रयोग भएको स्काभेटर भाडामा प्रयोगगर्दा लगायतको कार्यमा खर्च भएको भएको रकम नगरपालिकाको प्राविधिक कर्मचारी खटाई प्राविधिक मुल्यांकन बमोजिम हुन आएको रकम विपद व्यवस्थापन कोषमा विनियोजित रकमबाट खर्च हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

२०८१।०९।११
सिद्धराज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| क.सं. | सडक सरसफाई भएको स्यान/क्षेत्र |
|---|---|
| १ | वारिल शाखा सडक वडा नं ८ |
| २ | चैनपुर सिचाई कुलो बाँध निर्माण तथा सरसफाई |
| ३ | सेलाखेत सिचाई कुलो बाँध सरसफाई |
| ४ | रुईनाबगर भोपुर सिचाईकुलो मर्मत संभार |

**निर्णय नं ६**

यस जयपृथ्वी नगरपालिकाको स्वास्थ्य नीति, २०८१ लाइ सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

सामाजिक विकास समितिबाट सिफारिसभई आएको जयपृथ्वी नगरपालिकाको आ.व.२०८१।०८२ को सशर्त अनुदान तर्फको क्षयरोग कार्यक्रमलाई स्वीकृत स्वीकृत गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

जयपृथ्वी नगरपालिकाको स्वामित्वको वडा नं ३ अन्तर्गत रहेको कृपि भवनमा खाद्य गोदाम संचालन गर्ने गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वझाङलाई प्रयोग गर्न दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं ९**

नगरपालिका अन्तर्गत तपसिल बमोजिमका कार्यक्रममा खर्च भएको देहायको शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | कार्यक्रमको नाम | बजेट | शीर्षक |
|---|---|---|---|
| १ | सिलदेवी मेला व्यवस्थापन | ५०००००। | खेलकुद समिति/विविध खर्च |
| २ | राष्ट्रिय महिला क्रिकेट खेलाडी सम्झना खड्कालाई प्रोतसाहन पुरस्कार | १०००००। | नगर खेलकुद विकास समिति |

**निर्णय नं १०**

यस जयपृथ्वी नगरपालिका वडा नं ५ को वडा कार्यालय भवनको पछाडी भागमा माथीबाट पहिरो आई भवनमा क्षति पुगेको तथा तत्काल आवश्यक संरक्षण नगरे वडा कार्यालय भवन तथा विद्यालय भवन समेत जोखिममा रहेको अवस्थालाई दृष्टिगत गरी वडा भवन पछाडी मेसिनरी वाल निर्माण लगायतको कार्यगर्न वडालाई विनियोजित प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट खर्चभई बाँकी भएको रकम र नपुग भएको रकम प्राविधिक मुल्यांकन बमोजिम विपद व्यवस्थापन कोषबाट रकम भुक्तानी हुने गरी वाल निर्माण लगायतको कार्यलाई तत्काल अगाडी बढाउने निर्णय गरियो

**निर्णय नं ११**

यस जयपृथ्वी नगरपालिकाबाट आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता र मनोसामाजिक परामर्शकर्ता पदमा पद संख्या १/१ पदपुर्ति गर्न प्रकाशित विज्ञापन नं. ०४-२०८१/०८२ र ०५-०८१/०८२ बमोजिम परिक्षा संचालन गर्न तपसिल बमोजिमको पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -संयोजक

समितिले तोकेको विषय विज्ञ- सदस्य

प्रशासन शाखा प्रमुख-सदस्य सचिव

Scanned with CamScanner

**निर्णय नं.१२**

जयपृथ्वी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको लेखापरीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्न नगर कार्यपालिकाले निर्माण गरी स्वीकृत गरेको विद्यालय लेखापरीक्षण कार्यविधि, २०८० मा निम्न संशोधन गर्ने निर्णय गरियो ।

| |
|---|
| कार्यविधिको परिच्छेद ४, बुदा ९ लाई संशोधन गरी सामुदायिक विद्यालय तथा सामुदायिक सिकाई केन्द्रहरुको लेखापरीक्षण गर्दा बार्षिक हिसावको ०.०२५ पैशाको दरले हुन आउने रकम विद्यालयले उपलब्ध गराउनु पर्नेछ भन्ने कायम गर्ने । |

**निर्णय नं.१३**

नगरपालिकाको वडा नं ९ अन्तर्गत रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र देवलको आफ्नो कुनै भवन नभएको हुँदा दैनिक कार्यसंचालनको लागि भवन भाँडामा लिने निर्णय गरियो ।

Scanned with CamScanner